राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १०१ २०८३ कात्तिक १६ गते सोमवार (2 Nov. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

सरकारलाई गगन थापाका पाँच प्रश्न



दैनिक समाचारदाता

काठमाडौं, १५ कात्तिक । कांग्रेसका सभापति एवं प्रमुख प्रतिपक्षी दलका नेता गगन थापाले सरकारका पछिल्ला गतिविधिमाथि प्रश्न उठाउँदै त्यसमा जवाफ खोजेका छन् ।

पार्टी कार्यालयमा पदाधिकारीहरुसँगको छलफलपछि आइतबार विशेष सम्बोधन गर्दै उनले प्रहरीको कार्यशैली, अभिव्यक्ति स्वतन्त्रता, सरकारको जवाफदेहिता, अनुसन्धानको निष्पक्षता र राज्यका संस्थाहरूको स्वायत्ततामा आँच आएको बताए । उनले सरकारलाई आफ्नो कार्यशैली सच्याउन आग्रह गरेका छन् ।

सरकारका गतिविधिमा देखिएको शक्ति प्रयोगको प्रवृत्तिप्रति चिन्ता व्यक्त गरेका छन् । उनले राष्ट्रिय रास्वपाले पनि सरकारका कामको जिम्मेवारी लिनुपर्ने उल्लेख गरेका छन् । सरकारलाई पाँच वर्षको जनादेश प्राप्त भए पनि त्यसको अर्थ प्रतिपक्ष र नागरिकलाई डर देखाएर शासन गर्ने छुट्ट नभएको उनको भनाइ छ । *पाँच सन्देश यस्ता छन् :*

१. व्यक्तिको इच्छालाई कानुन नठानियोस्, स्वेच्छाचारिता बन्द होस्

थापाले सरकारका पछिल्ला गतिविधिमा शक्ति र अधिकारको स्वेच्छाचारी प्रयोग देखिएको बताएका छन्। विशेषगरी सञ्चारमाध्यम र पत्रकारमाथि भएका गतिविधिले सरकारको अधिकार प्रयोग गर्ने शैली तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको दृष्टिकोणमाथि प्रश्न उठाएको उनको भनाइ छ।

'केही सानो समूहले 'वी आर द स्टेट' भन्न थाले। शक्तिको स्वेच्छाचारी प्रयोग भयो। सरकारमा बसेका मान्छेहरूलाई आफ्नो इच्छा नै कानुन हो भन्न थालियो। यो प्रवृत्ति जस्तो देखियो। यसले हद नाघेको छ,' थापाले भने।

पत्रकारहरू पक्राउ परेर छुटेको घटनालाई त्यत्तिमै टुंग्याउन नहुने उनको तर्क छ। उनका अनुसार यो घटनाले सरकार र प्रहरीको अधिकार प्रयोग गर्ने तरिकामाथि गम्भीर प्रश्न उठाएको छ।

२. रास्वपाको वक्तव्य होइन, सरकारको जवाफदेहिता चाहियो

सरकारका गलत गतिविधिबारे सत्तारूढ दल रास्वपाले वक्तव्य जारी गरेर मात्रै जिम्मेवारी पूरा नहुने थापाको भनाइ छ। उनले यसअघि पनि सञ्चारमाध्यमको गेटमा गाडी पार्क गरिएको घटनामा रास्वपाले वक्तव्य जारी गरेको प्रसंग स्मरण गराउँदै त्यसपछि के कारबाही भयो भन्ने प्रश्न गरेका छन्।

'हामीलाई रास्वपाको वक्तव्य होइन, परिणाम चाहियो,' उनले भने।

सरकारका गतिविधिमा प्रश्न उठ्दा रास्वपाले संसदीय दलमार्फत प्रधानमन्त्रीसँग जवाफ माग्नुपर्ने उनको धारणा छ। सरकारको कामप्रति पार्टीको औपचारिक धारणा सार्वजनिक गर्नु मात्रै पर्याप्त नहुने भन्दै उनले जवाफदेहिताको ठोस प्रक्रिया खोजेका छन्।

३. सरकारका राम्रा(नराम्रा दुवै कामको जिम्मेवारी रास्वपाले लेओस्

सभापति थापाले सरकार र सत्तारूढ दलको सम्बन्ध तथा जिम्मेवारीको विषय पनि उठाएका छन्। विगतमा कांग्रेस नेतृत्वको सरकारका गलत कामको विरोध गर्दा रास्वपाले सरकार कांग्रेसको भएकाले कांग्रेसले नै जिम्मेवारी लिनुपर्ने तर्क गर्ने गरेको उनले स्मरण गराए।

अहिले आफ्नै नेतृत्वमा सरकार हुँदा भने त्यही सिद्धान्त लागू गर्न रास्वपा तयार छ कि छैन भन्ने उनको प्रश्न छ।

'सरकारले राम्रो काम गरेको छ भने रास्वपा, सरकारको कुनै

बाँकी पृष्ठ ४मा

न्यायालयमाथि विद्यार्थीका प्रश्नैप्रश्न

ढिलासुस्ती, भ्रष्टाचार, सामाजिक विभेद र न्यायमा पहुँचबारे धनुषा जिल्ला अदालतका न्यायाधीश उपाध्यायसँग विद्यार्थीले मागे जवाफ



दैनिक समाचारदाता

जनकपुरधाम, १५ कात्तिक । न्यायालयलाई न्यायको अन्तिम आश्रयस्थल मानिन्छ । तर त्यही न्यायालयभित्र हुने ढिलासुस्ती, भ्रष्टाचार, सामाजिक विभेद र न्याय सम्पादनका प्रक्रियामाथि प्रश्न उठ्न थालेपछि कानुनका विद्यार्थीहरूले न्यायाधीशसमक्ष प्रश्नको वर्षा गरेका छन् ।

मधेश लिगल एजुकेसन कन्फ्रेन्समा सहभागी कानुनका विद्यार्थीहरूले धनुषा जिल्ला अदालतका न्यायाधीश प्रदीपकुमार उपाध्यायसमक्ष न्यायालयको कार्यशैलीदेखि कानुन कार्यान्वयनको अवस्थासम्मका विषयमा प्रश्न उठाएका हुन् । मधेश प्रदेश सरकारले निर्माण गरेका सातवटा कानुनको कार्यान्वयन पक्ष र त्यसमा देखिएका त्रुटि औंल्याउँदै विद्यार्थीहरूले न्यायालयभित्रका समस्या र सेवाग्राहीका गुनासालाई समेत बहसको विषय बनाएका थिए ।

विद्यार्थीहरूले विशेषगरी न्यायमा पहुँच, न्याय सम्पादनमा हुने ढिलाइ, आर्थिक चलखेल, दलित तथा विपन्न समुदायमाथिको विभेद र न्यायिक निकायको जवाफदेहितामाथि प्रश्न गरेका थिए ।

कानुनका विद्यार्थी मुकेश साहले पीडितले समयमै न्याय नपाउनु न्यायबाट वञ्चित हुनु सरह नभएको भन्दै प्रश्न गरे, 'न्यायालय भित्रका कर्मचारीलगायतका व्यक्तिबीच आर्थिक लेनदेन हुने गरेको गुनासो सुनिन्छ । अहिले पनि गरिब, दलित र पछाडि पारिएका समुदायले विभेद भोग्नुपरेको अवस्था छ । यसको कारण के हो ? दलित समुदायका मुद्दालाई औचित्यहीन ठान्नु कत्तिको न्यायोचित हो ?'

त्यस्तै, कृष्णप्रसाद रिजालले न्यायिक प्रक्रियामा प्रमाण र तथ्यको भूमिकाबारे जिज्ञासा राखे । कानुनी तर्क प्रस्तुत गर्दा कुन-कुन पक्षमा ध्यान दिनुपर्छ र न्यायाधीशले फैसला गर्दा तथ्य तथा प्रमाणलाई कसरी मूल्याङ्कन गर्छन् भन्ने उनको प्रश्न थियो ।

राजाबाबु हजरा र राज पण्डितले न्यायालयको आचारसंहिता, पारदर्शिता र जवाफदेहितामाथि प्रश्न उठाए । उनीहरूले न्यायाधीशमा हुनुपर्ने गुण, न्यायिक पेसाको मर्यादा कायम राख्न आचारसंहिताको प्रभावकारी पालना भए-नभएको तथा भ्रष्टाचारमा संलग्न न्यायाधीश, कर्मचारी र अधिवक्तामाथि कारबाहीको अवस्थाबारे जिज्ञासा राखेका

बाँकी पृष्ठ ४मा

महेन्द्रनगरमा दुई आकाशे पुल तयार



जनकपुरधाम, १५ कात्तिक । जनकपुरधाम-ढल्केवर छ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुलको निर्माण सम्पन्न भएको छ । पुलमा रङरोगन तथा सौन्दर्यीकरणको काम भइरहेको र चाँडै सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

मधेस प्रदेशमा पहिलो पटक निर्माण गरिएका यी पुल पैदल यात्रुको आवागमन सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया, जनकपुरधामले जनाएको छ ।

सडकमा पैदल यात्रुको चाप बढी हुने महिला विकास चोक र सखुवा चोकमा दुई तथा लक्ष्मीनिया गाउँपालिकामा एउटा गरी तीन वटा आकाशे पुल निर्माणका लागि करिब १० करोड ५० लाख लागत अनुमान गरिएको थियो । तीमध्ये महेन्द्रनगरका दुई पुल निर्माण सम्पन्न भएको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर दरोगाप्रसाद साहले जानकारी दिनुभयो ।


उहाँका अनुसार लक्ष्मीनिया गाउँपालिकामा निर्माणाधीन तेस्रो पुलको काम पनि तीव्र गतिमा भइरहेको छ । उक्त पुल मङ्सिर मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

निर्माण लागतअनुसार महिला विकास चोकको पुलका लागि तीन करोड ३५ लाख, सखुवा चोकको पुलका लागि तीन करोड ५७ लाख र लक्ष्मीनियाको पुलका लागि तीन करोड ४२ लाख विनियोजन गरिएको छ । तीनवटै पुलको लागत मूल्य अभिवृद्धि कर (भ्याट) सहितको हो । पुल निर्माणको जिम्मा दुई वटा निर्माण कम्पनीले पाएका छन् ।


सडक डिभिजन कार्यालयका साइट इन्जिनियर उज्ज्वल

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी



सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

सम्पादकीय

बेरुजु नियन्त्रणको चुनौती

मधेश प्रदेश सरकारले सरकारी निकायमा बढ्दै गएको बेरुजु नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्न नयाँ कार्यविधि लागू गरेको छ। 'मधेश प्रदेश बेरुजु फछ्यौंट सम्बन्धी कार्यविधि, २०८३' कार्यान्वयनमा ल्याइनु सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही र व्यवस्थित बनाउने प्रयास हो। तर कुनै पनि कार्यविधि जारी हुँदैमा समस्या समाधान हुँदैन। त्यसको वास्तविक प्रभावकारिता कार्यान्वयनमा निर्भर हुन्छ।

सरकारी बजेट जनताको करबाट संकलित रकम हो। यसको प्रत्येक रुपैयाँ जनहितमा खर्च हुनु र खर्चको हिसाबकिताब स्पष्ट हुनु राज्यको दायित्व हो। तर सरकारी निकायमा बेरुजु बढ्दै जानु वित्तीय व्यवस्थापनमा देखिएको कमजोरी मात्र होइन, जवाफदेहितामाथि उठेको गम्भीर प्रश्न पनि हो। बेरुजु हुनुको अर्थ सबै रकम हिनामिना हुनु होइन। कतिपय बेरुजु कागजात, प्रक्रिया र कानुनी मापदण्ड पूरा नभएका कारण देखिन्छन् भने कतिपयमा असुलउपर गर्नुपर्ने रकमसमेत समावेश हुन्छ। त्यसैले यसको प्रकृति पहिचान गरी समयमै फछ्यौंट गर्नु आवश्यक छ।

नयाँ कार्यविधिले बेरुजुलाई असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी गरी तीन प्रकारमा वर्गीकरण गरेको छ। पाँच वर्षसम्म पनि फछ्यौंट नभएको बेरुजुलाई सरकारी बाँकीसरह लगत कायम गर्ने, सम्बन्धित व्यक्तिको बैंक खाता तथा जायजेथा रोक्का गर्ने र आवश्यक कानुनी कारबाही अघि बढाउने व्यवस्था गरिएको छ। त्यस्तै, समयमै पेस्की फछ्यौंट नगरे वार्षिक १० प्रतिशत ब्याज असुल गर्ने प्रावधानले आर्थिक कारोबारमा संलग्न पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाउन खोजेको छ। उत्कृष्ट काम गर्ने कार्यालय र कर्मचारीलाई पुरस्कार दिने व्यवस्थाले सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न सक्छ।

तर चुनौती कार्यविधिमा राखिएका प्रावधानभन्दा तिनको निष्पक्ष कार्यान्वयनमा छ। विगतमा पनि बेरुजु नियन्त्रण, वित्तीय अनुशासन र सुशासनका नाममा विभिन्न नीति तथा निर्देशन जारी हुँदै आएका छन्। त्यसका बाबजुद बेरुजु दोहोरिनु र फछ्यौंट प्रक्रिया सुस्त रहनुले अनुगमन तथा जवाफदेहिताको पाटो कमजोर रहेको संकेत गर्छ। त्यसैले नयाँ कार्यविधि पनि कागजमै सीमित हुने अवस्था आउन दिनु हुँदैन।

बेरुजु फछ्यौंटको नाममा प्रक्रियागत त्रुटि र वास्तविक आर्थिक अनियमिततालाई एउटै दृष्टिले हेर्नु हुँदैन। गल्तीको प्रकृतिअनुसार जिम्मेवारी निर्धारण गर्दै जानाजानी सरकारी रकम दुरुपयोग गर्ने र काममा लापरबाही गर्नेलाई कारबाही गर्नुपर्छ। साथै, कर्मचारीलाई वित्तीय नियम, खरिद प्रक्रिया र लेखा व्यवस्थापनसम्बन्धी आवश्यक तालिम तथा प्राविधिक सहयोग पनि उपलब्ध गराउनुपर्छ।

मधेश प्रदेश सरकारले बेरुजुमुक्त प्रदेश बनाउने लक्ष्य राखेको छ। यो लक्ष्य पूरा गर्न अर्थ मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय र सबै सरकारी निकायबीच प्रभावकारी समन्वय आवश्यक छ। प्रत्येक कार्यालयको बेरुजु विवरण सार्वजनिक गर्ने, नियमित अनुगमन गर्ने र फछ्यौंटको प्रगति नागरिकसमक्ष प्रस्तुत गर्ने व्यवस्था पनि हुनुपर्छ।

अन्ततः सुशासन भाषण र कार्यविधिले मात्र स्थापित हुँदैन। सरकारी रकमको सदुपयोग, खर्चको पारदर्शिता र गल्ती गर्ने व्यक्तिको जवाफदेहितामात्रै त्यसको आधार तयार हुन्छ। नयाँ कार्यविधि मधेश प्रदेशका लागि वित्तीय अनुशासन सुधार्ने अवसर हो। अब सरकारको वास्तविक परीक्षा यसको प्रभावकारी कार्यान्वयन र बेरुजु घटाउने परिणामबाट हुनेछ।

क्रिकेट मैदानमा भेटिएको नेपाल



धर्मेन्द्र झा

नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको तेस्रो संस्करणअन्तर्गतको दोस्रो दिन अर्थात् मङ्गलबारको खेलमा मधेसका गुल्सनले कर्णालीका पक्षबाट खेल्दै जनकपुरका महत्त्वपूर्ण खेलाडीहरू अनिल साह, कृतराज दास र अभिषेक तिवारीलाई क्याच गरेर जब मैदानबाहिर पठाए र जनकपुरलाई पराजित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरे, दर्शकदीर्घामा रहेका राजविराजका दीपककुमार झाले उभिएर गुल्सनको अभिनन्दन गरे। गुल्सनको यो प्रदर्शनबाट खेलमा सम्प्रदायको प्रभाव खोज्नेहरू सम्पूर्ण रूपमा पराजित भएको अनुभव गरिएको थियो।

एनपीएलको चौथो दिन (बिहीबार) को दोस्रो खेलको सन्दर्भ हो। गुल्सनले २१ बलमा २८ रन बनाएर नटआउट रहँदै पूर्वको मानिने विराटनगर किङ्गसलाई पराजित गर्ने सन्दर्भमा कर्णाली याक्सका पक्षमा जब विजयी प्रहार गरे, त्रिभुवन विश्वविद्यालयको खेलमैदान जुरुक्क उचालियो र सम्पूर्ण दर्शकदीर्घा गुल्सनको अभिनन्दनका लागि प्रस्तुत भएको देखियो। त्यहाँ क्रिकेट मात्र थियो। नेपाल राष्ट्र र नेपाली राष्ट्रियता मात्र थियो। भूगोलको प्रभाव देखिँदैनथ्यो।

यति मात्र होइन, सुदूरपश्चिमका लोकेश बमले बिहीबार विराटनगरका लागि खेल्दै कर्णालीविरुद्ध ९ छक्का र ३ चौकाको मद्दतले ८७ रन बनाउँदा निश्चय पनि भूगोलको प्रभाव निष्प्रभावी भएको अनुभव गरियो। यस्तै सुदूरपश्चिमका आदित्य महता जनकपुरका पक्षमा खेल्नु र उनलाई मधेसले आफ्नै ठानिरहँदा, मधेसका आरिफ शेखलाई पनि सुदूरपश्चिमले हत्केलामा राखेर स्वागत गरेको अनुभूति देश जोड्ने माध्यमका पर्याय बन्न पुगेका छन्।

यस्तै सुदूरपश्चिमका भीम सार्कीले काठमाडौंको नेतृत्व गर्दै जब सुदूरपश्चिमविरुद्ध प्रहार गर्छन्, उनले आफ्नै भूगोलका तर्फबाट वाहवाही बटुल्छन्। यो क्रम यतिमा मात्र रोकिँदैन। थुप्रै यस्ता खेलाडी छन्, जसका माध्यमबाट क्रिकेटले देश जोड्ने प्रयत्न गरेको छ।

खेलकुदसँग सम्बद्ध नेपालको पहिलो संस्था निर्माण गर्न सफल नेपाली क्रिकेट 'राष्ट्रिय' हुन निकै वर्ष लाग्यो। तर जब यो खेलले राष्ट्रिय स्वरूप ग्रहण गर्न सक्यो, यसप्रतिको आकर्षणमा यति वृद्धि भयो कि आज नेपाली क्रिकेटका दर्शक र प्रशंसक विश्वव्यापी रूपमा चिनिन थालेका छन्।

महत्त्वपूर्ण कुरा त के भने, यसरी विश्वमा चर्चित भएका नेपाली क्रिकेटप्रेमीहरू कुनै खास जात, वर्ग, समुदाय, भूगोल र धर्मका छैनन्, सबै थरी छन्। यसैले पनि क्रिकेटले वास्तवमा 'राष्ट्रिय' स्वरूप ग्रहण गरेको स्वीकार गर्न सकिन्छ।

पछिल्लो समयमा यसको महत्त्व नेपालको राष्ट्र निर्माण प्रक्रियाको प्रवर्द्धनसँग पनि जोडिएको छ भनेर भनियो भने अनुचित हुनेछैन। विभिन्न देशमा राष्ट्र जोड्ने राष्ट्रियताका विविध प्रतीकलाई आमजनताले स्वीकार गरेका हुन्छन्। दक्षिण एसियाली देशहरू भारत, पाकिस्तान र श्रीलङ्कामा अन्य धेरै यस्ता प्रतीक छन्। एक प्रतीक भने क्रिकेट पनि हो।

नेपालमा राष्ट्र जोड्ने प्रतीकका रूपमा विगतमा सगरमाथा, भगवान् बुद्ध, जानकी आदिलाई मान्ने प्रयत्न गरिए पनि कतिपय ती प्रतीकहरू पूर्ण रूपमा स्वीकृत हुन सकेको पाइएन।

पञ्चायतकालमा राष्ट्रियताका अनेक प्रतीकको विकास गर्न खोजियो। यसमा टोपी, झन्डा, गाई आदि प्रमुख थिए। विश्लेषण गर्ने हो भने यीमध्ये कुनैले पनि राष्ट्रिय रूपमा आम स्वीकृति प्राप्त गर्न सकेनन्, हाम्रो यथार्थ यही हो, स्वीकार्नैपर्छ।

तर, पछिल्लो समयमा राष्ट्र जोड्ने एक प्रतीकका रूपमा नेपालमा पनि क्रिकेटप्रतिको स्वीकृतिमा बढोत्तरी भएको पाउन सकिन्छ। विगतमा विदेशीको खेल भनेर जहिले पनि पन्छाइएको क्रिकेटलाई यहाँसम्म ल्याइपुऱ्याउन निकै सङ्घर्ष गर्नुपऱ्यो। प्रतिफल अहिले प्राप्त भइरहेको छ, कुनै न कुनै रूपमा यो राष्ट्रियताको प्रतीक बन्दै छ र आम नेपालीबाट स्वीकृति पाउँदै छ। त्यसैले आरिफ-आसिफ दाजुभाइ एउटै टिममा रहून् वा एकापसमा प्रतिपक्षी बनेर भिडून्, नेपालका दर्शकले दुवै भूमिकामा यिनको स्वागत गर्ने गर्दछन्।

क्रिकेट आज नेपालमा केवल एउटा खेलका रूपमा मात्र सीमित छैन। क्रिकेट त भावना, उत्साह र सिङ्गो राष्ट्रलाई एकसूत्रमा बाँध्ने एउटा शक्तिशाली माध्यम बन्न पुगेको छ। एनपीएलको तेस्रो संस्करणसम्म आइपुग्दा नेपाली क्रिकेटले जुन फड्को मारेको छ, त्यसले खेलकुदको दायरालाई फराकिलो बनाउँदै राष्ट्रिय एकता र सामाजिक सद्भावको नयाँ अध्याय सुरु गरेको मान्न सकिन्छ।

माथि पनि विश्लेषणको थोरै प्रयत्न गरियो- क्रिकेटले भौगोलिक सीमा, जातीय विविधता र क्षेत्रीय भिन्नतालाई तोड्दै नेपालीलाई एउटै साझा मञ्चमा उभिन प्रेरित गरेको छ। विश्लेषण गर्ने हो भने खेलाडीहरूको अन्तर-क्षेत्रीय सहभागितालाई एनपीएलको सबैभन्दा सुन्दर पक्षका रूपमा मान्न सकिन्छ। कुनै एक प्रदेश वा सहरमा जन्मिएका, हुर्किएका वा स्थानीय लिग खेलेका खेलाडीहरू अर्को प्रदेश वा सहरको प्रतिनिधित्व गर्दै मैदानमा उत्रिरहेका छन्।

महत्त्वपूर्ण कुरा त के भने, दर्शकले खेलाडीलाई मात्र खेलाडीका रूपमा स्वीकार गरिरहेका छन्। यही कारण हो, आदित्यले जनकपुरका लागि रन जोडिरहँदा सुदूरपश्चिमका दर्शकले हौस्याइरहेका हुन्छन् र गण्डकीका सोमपालले गण्डकीविरुद्ध प्रदर्शन गरिरहँदा गण्डकीकाले नै आनन्द मनाइरहेका हुन्छन्।

यी केही उदाहरण मात्र हुन्। सुदूरपश्चिम वा कर्णालीका खेलाडीले मधेस वा बागमतीको टिमबाट खेल्दा, अथवा पूर्वका खेलाडीले पश्चिमको फ्रेन्चाइज टिमको जर्सी लगाउँदा त्यसले एउटा अद्भुत सांस्कृतिक साटासाट सिर्जना गरेको अनुभूत गर्न सकिन्छ। अनुभूति हुन्छ- देश जोडिइरहेको छ, राष्ट्र निर्माणको प्रक्रिया पूर्णतातर्फ अग्रसर छ।

एनपीएलको अर्को महत्त्वपूर्ण पाटो भनेको दर्शकहरूको मानसिकतामा आएको सकारात्मक परिवर्तन हो। पहिले खेलहरू राष्ट्रिय टिमको तहमा मात्र हुँदा सीमित चासो हुन्थ्यो, तर फ्रेन्चाइज लिगले स्थानीय अपनत्वको भावनाको विकासलाई टेवा पुऱ्याएको छ।

अब लुम्बिनीको दर्शकले सुदूरपश्चिमको टिमको जितमा खुसी मनाउँछ, पोखराका दर्शकले जनकपुर वा विराटनगरको सफलतामा ताली बजाउँछन्। काठमाडौंकाले कर्णालीको विजय-पराजयको भाव अनुभूत गर्छन्। चितवन र लुम्बिनीका दर्शक खेलाडीका कारण एकअर्काप्रति निकटताको बोध गर्दछन्। कुनै एक ठाउँको खेलाडीले अर्को ठाउँको टिमबाट उत्कृष्ट प्रदर्शन गर्दा, त्यो खेलाडीको सफलतामा सिङ्गो टिम सम्बद्ध क्षेत्रका दर्शकहरूले गर्व महसुस गर्ने वातावरणको निर्माण हुनु अत्यन्तै सुखद हो।

वास्तवमा राष्ट्र निर्माण एक प्रक्रिया हो, जो कुनै न कुनै रूपमा निरन्तर जारी रहन्छ। राष्ट्र निर्माणलाई सूक्ष्म रूपमा बुझ्ने प्रयत्न गर्ने हो भने यसलाई दुई वटा सन्दर्भमा हेर्न सकिन्छ। पहिलो, समग्रमा राष्ट्र निर्माण (बन्ने) हुने कुरा र दोस्रो, निर्माण भइसकेको राष्ट्रलाई समुन्नत र समृद्ध बनाउने कुरा। तर उपयुक्त दुवैमा केही कुराको समानताको अपेक्षा गरिन्छ। त्यो के भने, त्यहाँ बसोबास गर्ने जनताको इच्छाआकाङ्क्षा, समाज, धर्मसंस्कृति, भाषासाहित्य आदिको समान स्वीकृति र प्रस्फुटनको अवस्था निर्माण हुनु अपेक्षित हुन्छ।

विद्वान् पौल जेम्सको भनाइसँग सहमति जनाउन सकिन्छ। उनले राष्ट्र निर्माणलाई राष्ट्रको संरचना वा गठन पनि भनेका छन्। उनका अनुसार बृहत् प्रक्रियाहरूका माध्यमबाट राष्ट्र बन्छ। राष्ट्र निर्माणको लक्ष्य राज्यभित्र जनताको एकीकरण हो, यसबाट अगाडिका दिनमा राज्यले राजनीतिक रूपमा स्थायित्व र सक्षमता प्राप्त गर्दछ।

राष्ट्र निर्माणका लागि जनताको एकीकरण, विविध विचार, दृष्टिकोण, सिद्धान्त र आदर्शको स्वीकारोक्ति र समावेशीकरण, छरिएर रहेका समाजलाई समेटी एकीकृत समाज निर्माण र क्रियाशील राज्य संयन्त्रको उपस्थिति आवश्यक हुन आउँछ।

सोझो अर्थमा के बुझिनुपर्छ भने, राष्ट्र निर्माणमा यी सबैको समाहितीकरण आवश्यक हुन्छ, जसले समग्र राष्ट्र निर्माताको निर्माण र प्रवर्द्धन गर्ने विश्वास गरिन्छ। यसो हुन सके देशप्रति सबैको अपनत्वभावमा अभिवृद्धि हुन्छ र देशले सिङ्गो स्वरूप ग्रहण गर्न सम्भव हुन्छ। सङ्क्षेपमा यही प्रक्रिया राष्ट्र निर्माण हो, जसको नेतृत्व राज्यले गर्ने अपेक्षा गरिन्छ।

राष्ट्र निर्माणका सन्दर्भमा थुप्रै अवयवहरूले जोड्ने र तोड्ने तत्त्वका रूपमा भूमिका निर्वाह गरिरहेका हुन्छन्। यीमध्ये कतिपय सुशुप्त हुन्छन् भने कतिपय जाग्रत्। यीमध्ये कतिपय तत्त्वले कुनै सन्दर्भमा जोड्ने र कुनै सन्दर्भमा तोड्ने तत्त्वका रूपमा भूमिका निर्वाह गरिरहेका हुन्छन्। भाषा, प्रतीक, चिह्न, झन्डा, सिद्धान्त, आदर्श, विचार, संरचना आदि यस्तै तत्त्व वा माध्यम हुन्। कतिपय अवस्थामा यो बोधगम्य हुन्छ भने कतिपय अवस्थामा बोधगम्य हुँदैन।

यस्तै एक सशक्त माध्यम हो– खेलकुद। नेपाल राष्ट्र निर्माणका सन्दर्भमा पछिल्ला दिनमा क्रिकेटले पनि जोड्ने भूमिका निर्वाह गरिरहेको छ भन्दा अतिशयोक्ति ठहरिँदैन। यसको पछिल्लो सशक्त उदाहरणका रूपमा एनपीएलको आयोजनालाई लिन सकिन्छ। नेपालजस्तो विविधतायुक्त भौगोलिक र सामाजिक बनोट भएको देशमा राष्ट्रिय एकतालाई बलियो बनाउन यस्ता अभियानहरूको ठूलो आवश्यकता हुन्छ।

राजनीति, भूगोल र अन्य विभिन्न कारणले कहिलेकाहीँ समाजमा देखिने दूरीलाई खेलकुदले सजिलै मेटाइदिन्छ। मैदानमा चौका वा छक्का प्रहार हुँदा वा विकेट लिँदा हुने उत्सवमा जात, धर्म वा क्षेत्रको भेद हुँदैन। त्यहाँ केवल राष्ट्रियता र खेलप्रतिको प्रेम मात्र हुन्छ भन्नु गलत हुँदैन।

नेपाली क्रिकेटले सम्पूर्ण देशवासीको समान रूपले माया पाउनुको एउटा कारण सायद नेपाली क्रिकेटको समावेशी स्वरूप पनि हो। वास्तवमा, माथि जसरी चर्चा गरियो, नेपाल अहिले राष्ट्र बन्ने क्रममा छ। यस सन्दर्भमा यहाँ हामीले थुप्रै तत्त्वलाई राष्ट्र जोड्ने तत्त्वका रूपमा विकसित गर्न सक्नुपर्छ। राज्यको भूमिका यहाँनिर महत्त्वपूर्ण हुन्छ। क्रिकेट उदाहरण हो, यसरी नै राज्यका अन्य पक्ष पनि पूर्ण समावेशी हुन सके देश निर्माणको प्रक्रिया सकारात्मक रूपमा प्रभावित हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन।

तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : विहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : विहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : विहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : विहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

आवश्यक टेलिफोन नम्बरहरू

एम्बुलेन्स

मिथिला युवा समाज नेपाल	९८४४१०४३४४,०४१-५२८९०६
श्री गणेश युवा कमिटी	९८०१६२५४२४,९८५४०२७७०३
श्री विश्वकर्मा युवा कमिटी	९८१५८९४४९५,९८१२०९२४८५
सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार)	९८४४९९०५,९८०४८०५६४३
माँ सहयोगी नेपाल (देवडिहा-१)	९८०१६०४३८९
नव मिथिला युवा कमिटी	९८५४०२८३०३,९८०७८९९८८१
मिथिला स्वास्थ्य सहकारी संस्था	९८५४०२२४७४,९८०१६२२४७४
रामानन्द युवा क्लव	९८०४८२७४०५
एम्बुलेन्स रेडक्रस	१०२,०४१-५२०८७०
मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स	९८१५८९३००५,०४१-५२५४४८
धनुषा अस्पताल पा.लि.	५२४७७०, ५२५८००

प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय	०४१-५२००९९,१००
सशस्त्र प्रहरी बल मुजेलिया	०४१-५२७९०५,५२७२१३
सुरक्षा गुल्म जनकपुर ब्यारेक	०४१-५२६५८६
ट्राफिक प्रहरी कार्यालय जिरोमाइल	०४१-५२०३६६
जानकी प्रहरी चौकी जानकी चौकी	०४१-५२०३४४
इलाका प्रहरी कार्यालय स्टेशन	०४१-
मुजेलिया प्रहरी चौकी	०४१-५२०७५०
हनुमान नगर प्रहरी चौकी	
प्रहरी चौकी बलवा टोल	

अस्पतालहरू

जनकपुर अञ्चल अस्पताल	०४१-५२००३३
जिल्ला जनस्वास्थ्य कार्यालय	०४१-५२०६२८, ५२६२७१
धनुषा अस्पताल पा.लि.	५९०८००, ५२५८००
आँखा अस्पताल	०४१-५२०३९७
बछार प्रसुति केन्द्र	५२२४५७

महत्वपूर्ण कार्यालयहरू

जनकपुर उपमहानगरपालिका	०४१-
बरुण यन्त्र जउमनपा	०४१-५२००११
बस पार्क	०४१-५२०९९८
जनकपुर विमान स्थल	०४१-५२००४४
बुद्ध एयर	०४१-५२५०२१, ५२५०२२
यति एयर	०४१-५२५००४७, ५२५०२२
विद्युत फयुज शाखा	०४१-५२०१५१
जानकी केबुल	०४१-५२३७२८
शाह केबुल	०४१-५२४७२२

अर्थ

डिजिटल वालेटमा ब्याज किन छैन ?

के तपाईं पनि ससाना आर्थिक भुक्तानीका लागि डिजिटल वालेटहरू प्रयोग गर्नुहुन्छ? छ भने तपाईंका वालेटहरूमा कति पैसा छ?

नेपालमा खुलेका व्यक्तिगत र व्यावसायिक गरी डिजिटल वालेट खाताहरूमा औसत ५०० रुपैयाँ मौज्दात रहने गरेको नेपाल राष्ट्र ब्याङ्कको तथ्याङ्कले देखाएको छ। तर सामान्यतया ती वालेटमा राखिएको पैसाको ब्याज पाईंदैन, किन?

नेपालमा झन्डै देशको जनसङ्ख्याकै हाराहारीमा यस्ता डिजिटल वालेट खाता खुलेका छन्। नेपालको वित्तीय नियामक नेपाल राष्ट्र ब्याङ्कका अनुसार गत भदौसम्मको तथ्याङ् अनुसार २ करोड ८१ वटा वालेट खाता खुलेका छन्।

एक वर्षअघि भदौको तुलनामा यो सङ्ख्या ३५ लाखले बढी हो। विसं २०८२ सालको भदौमा नेपालमा २ करोड ४६ लाख मात्रै वालेट खाता खुलेका थिए।

ती वालेटहरूमा गत भदौको अन्तिममा १४ अर्ब १८ करोड ६० लाख रुपैयाँ रहेको अर्थात् औसतमा एउटा खातामा ५०० रुपैयाँ मौज्दात रहेको राष्ट्र ब्याङ्कको भुक्तानी प्रणाली विभागले सेप्टेम्बरको मध्यतिर प्रकाशित गरेको पछिल्लो विवरणमा उल्लेख छ।

नेपालमा प्रयोगकर्ताले खोलेका सबै डिजिटल वालेटहरू नियमित सञ्चालनमा छैनन्। खुलेकामध्ये ५० प्रतिशत हाराहारीका वालेट खाताहरू निष्क्रिय रहेको राष्ट्र ब्याङ्कका प्रवक्ता गुरुप्रसाद पौडेल बताउँछन्।

"नेपालमा उल्लेखनीय रूपमा यसको सङ्ख्यात्मक प्रयोग बढ्दै गएको देखिन्छ," प्रवक्ता पौडेल बताउँछन्।





नेपालमा कोभिड महामारीपछि डिजिटल कारोबारसँगै वालेटको प्रयोग र वालेट सेवाप्रदायकको सङ्ख्यामा पनि व्यापक वृद्धि भएको जानकारहरू बताउँछन्।

नेपालमा दुई दर्जन हाराहारी वालेट सेवाप्रदायकले राष्ट्र ब्याङ्कबाट सञ्चालनका लागि स्वीकृति लिएका छन्। ती वालेटबाट एकै महिनामा ५ करोड पटकभन्दा बढी कारोबार हुने गरेको छ।

राष्ट्र ब्याङ्कले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनअनुसार भदौ महिनामा मात्रै वालेटबाट ४९ अर्ब रुपैयाँ कारोबार भएको छ।

ब्याज किन पाईंदैन?

असारमा वालेटबाट ५८ अर्ब कारोबार भएको राष्ट्र ब्याङ्कको तथ्याङ्कले देखाउँछ। तर नेपालमा ग्राहकहरूले खोलेका अधिकांश वालेट खातामा जति रकम जति दिन राखे पनि ब्याज पाईंदैन। यद्यपि केही वालेट सेवा प्रदायकले निश्चित सर्तहरूसहित ब्याङ्कसँगको सहकार्यमा व्याज उपलब्ध गराउँदै आएका छन्।

"वालेटमा राख्ने पैसा भनेको हिजो हामीले ब्याङ्कबाट निकालेर खर्चका लागि पर्समा राख्ने पैसा हो। त्यो पैसामा ब्याज दियो भने यो अर्को ब्याङ्किङ प्रणालीजस्तो हुन सक्छ," राष्ट्र ब्याङ्कका प्रवक्ता पौडेल भन्छन्।

"त्यसो भएर यसमा ब्याजलाई हामीले धेरै प्रश्रय दिन नखोजेको। हामीले दिनुपर्छ भनेर कर पनि गरेका छैनौं।"

राष्ट्र ब्याङ्कले वालेटले ब्याज दिनुपर्ने वा दिन नपर्नेबारे स्पष्ट नियम बनाएको छैन। यद्यपि ब्याज सुविधा दिन राष्ट्र ब्याङ्कबाट पूर्वस्वीकृति लिनुपर्ने नियामक निकायको नियम छ।

"केही सेवाप्रदायकले स्वीकृति लिइसक्नुभएको छ। बाँकी लिन आउनुभएको छैन," पौडेल भन्छन्।

अधिकारकर्मी के भन्छन्

आफूलाई डिजिटल अधिकार पैरवीकर्ता भनी चिनाउने अधिवक्ता सदिच्छा सिलवाल वालेट सेवाप्रदायकहरूले प्रयोगकर्ताको पैसा ब्याङ्कमा नै राख्ने र त्यसो गर्दा उनीहरूले ब्याज पाउने भएका कारण त्यसको लाभ कुनै न कुनै हिसाबले उपभोक्तालाई पनि हुनुपर्ने बताउँछिन्।

"तर यो विषयमा राष्ट्र ब्याङ्कै नियम पनि स्पष्ट छैन। यसलाई निक्षेप जम्मा गर्ने थलोका रूपमा रहन दिनु चाहिँ हुँदैन किनभने ब्याङ्कहरूमा हुने निक्षेपको बीमा हुन्छ र ब्याजदरबारे पनि नियमन हुन्छ। तर वित्तीय संस्थामा जस्तो ब्याजका लागि वालेटमा निक्षेप जम्मा हुन थाल्यो भने त्यसको नियमन र सुरक्षा दुवैमा जोखिम बढ्छ," डिजिटल राइट्स नेपालसँग आबद्ध अधिवक्ता सिलवाल भन्छिन्।

उनका अनुसार विश्वका धेरैजसो देशहरूमा वालेटमा ब्याजको सुविधा नदिइने अभ्यास छ।

"युरोपेली देशहरूमा निक्षेप जम्मा भएको अवधिका आधारमा ब्याजको व्यवस्था छ। भारतमा ब्याज दिन नपाइने नियम छ। अरू केही देशहरूमा दिने पनि अभ्यास छ," सिलवाल भन्छिन्।

वालेटमा कति पैसा जम्मा गर्न पाइन्छ

नेपालमा साधरणतया व्यक्तिगत वालेट खातामा दिनको ५० हजार रुपैयाँ र १० वटाभन्दा धेरै कारोबार गर्न पाईंदैन।

नेपाल राष्ट्र ब्याङ्कले दशैंतिहार र छठ पर्वमा डिजिटल दक्षिणालाई प्रवर्धन गर्न चाडबाडको समयमा ५० वटा कारोबारको सुविधा दिएको छ।

"यो परम्परागत थैली र पर्सहरूको डिजिटल स्वरूप मात्रै हो," प्रवक्ता पौडेल भन्छन्।

"हामीले यसको जे विशेषता हो, त्यही रहिरहोस् भनेर केही सीमा दिएका छौं। राष्ट्र ब्याङ्कले वालेटहरूलाई सुरक्षा र आवश्यक सीमाका सर्तहरूसहित मात्रै सञ्चालन गर्न दिएको छ।"

अनलाइन भुक्तानी व्यवस्थित बनाउन ब्याङ्कबाट वालेटहरूमा पैसा 'लोड' गरेर भुक्तानी गर्न राष्ट्र ब्याङ्कका प्रवक्ता पौडेलको व्यक्तिगत सुझाव छ।

नेपालमा मोबाइल ब्याङ्किङ प्रयोग गर्नेहरूको सङ्ख्या पनि निकै ठूलो छ। भदौसम्म ३ करोड खाताहरू मोबाइल ब्याङ्किङमा पनि दर्ता भएका छन्। एक वर्षअघि मोबाइल ब्याङ्किङका लागि दर्ता भएका ब्याङ्क खाताहरूको सङ्ख्या २ करोड ८२ लाख मात्रै थियो।

'क्यूआर कोड'मार्फत् एक महिनामै ७ करोड ५५ लाख पटक कारोबार भएको र त्यसबाट १ खर्ब ६७ अर्ब रुपैयाँबराबर रकम कारोबार भएको राष्ट्र ब्याङ्कले जनाएको छ। बीबीसी/नेपाली

दिल्लीमा वायु प्रदूषण नियन्त्रणका लागि नयाँ प्रतिबन्ध लागू

एजेन्सी

नयाँ दिल्ली । भारतको राजधानी नयाँदिल्लीमा बढ्दो वायु प्रदूषण नियन्त्रण गर्ने उद्देश्यले अधिकारीहरूले आइतबारदेखि थप कडा प्रतिबन्ध लागू गरेका छन् । नयाँ व्यवस्थाअन्तर्गत सवारी साधनको पार्किङ शुल्क दोब्बर बनाउनुका साथै सरकारी तथा निजी कार्यालयका कर्मचारीलाई घरबाटै काम गर्न निर्देशन दिइएको छ ।

प्रदूषण नियन्त्रणका लागि लागू गरिएका नयाँ उपायको मुख्य उद्देश्य सवारीसाधनबाट हुने उत्सर्जन घटाउनु रहेको अधिकारीहरूले बताएका छन् । नयाँ व्यवस्थाअनुसार तोकिएको उत्सर्जन मापदण्ड पूरा नगर्ने सवारीसाधनलाई राजधानी प्रवेशमा रोक लगाइनेछ । त्यसैगरी, धुलो उड्ने गरी गरिने भत्काउने कार्य तथा खुला क्षेत्रमा हुने निर्माण गतिविधिमा तत्काल लागू हुने गरी प्रतिबन्ध लगाइएको छ ।

मुख्यमन्त्री रेखा गुप्ताको कार्यालयले जारी गरेको विज्ञप्तिमा नोभेम्बर १ देखि दिल्लीको 'शीतकालीन कार्ययोजना' लागू भएको जनाइएको छ । योजनामा प्रदूषण नियन्त्रणका कडा उपाय, प्रभावकारी कार्यान्वयन र चौबिसै घण्टा निगरानीको व्यवस्था गरिएको उल्लेख छ ।

विज्ञप्तिमा दिल्लीवासीलाई सरकारी निर्देशन पालना गरी राजधानीको हावा स्वच्छ र स्वस्थ बनाउन सहयोग गर्न आग्रह गरिएको छ । दिल्ली सरकारले पछिल्लो एक महिनादेखि नै प्रदूषण नियन्त्रणका विभिन्न उपाय अवलम्बन गर्दै आएको छ । यसअन्तर्गत फोहोर जलाउन रोक लगाउनुका साथै कोइला र दाउरा प्रयोग गरी खाद्य परिकार तयार गर्ने सडक किनारका पसलहरूमा प्रतिबन्ध लगाइएको छ ।



यद्यपि, विगतका वर्षमा लागू गरिएका यस्तै उपायले नोभेम्बरदेखि जनवरीसम्म राजधानीलाई ढाक्ने बाक्लो धुवाँ र प्रदूषण नियन्त्रणमा खासै सफलता पाउन सकेका छैनन् । यस अवधिमा तापक्रम घट्दा प्रदूषक कणहरू जमिनको सतह नजिकै थुप्रिने गर्छन् ।

दिल्लीमा वायु प्रदूषणका प्रमुख स्रोतमा सवारीसाधनबाट निस्कने धुवाँ, कोइलाबाट सञ्चालित विद्युत् केन्द्र, औद्योगिक गतिविधि, निर्माण कार्यबाट उड्ने धुलो तथा छिमेकी राज्यमा बाली भित्र्याएपछि खेतमा बाँकी रहेका अवशेष जलाउने कार्य रहेका छन् ।

भारतको वातावरण मन्त्रालयका अनुसार दिल्लीमा जाडोयाममा हुने प्रदूषणमा सवारी साधनको योगदान २३ प्रतिशत छ । त्यस्तै, कृषि अवशेषलगायत जैविक पदार्थ जलाउँदा २० प्रतिशत र कोइलाबाट सञ्चालित विद्युत् केन्द्रसहितका उद्योगबाट करिब नौ प्रतिशत प्रदूषण हुने गरेको छ ।

वायु प्रदूषणमा पाइने पीएम-२.५ नामक सूक्ष्म कणको मात्रा जाडोयामका मुख्य महिनामा प्रतिघनमिटर ३०० माइक्रोग्रामभन्दा बढी पुग्ने गरेको छ । यी कण फोक्सोको भित्री भागसम्म पुग्न सक्ने भएकाले मानव स्वास्थ्यका लागि निकै हानिकारक मानिन्छन् । यस्तो मात्रा विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेको दैनिक सीमाभन्दा करिब २० गुणा बढी हो ।

गत वर्ष दिल्लीमा पीएम-२.५ को मात्रा प्रतिघनमिटर ८४६ माइक्रोग्रामसम्म पुगेको थियो । यो विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डभन्दा ५६ गुणा बढी हो ।

आइतबार गरिएको मापनमा पीएम-२.५ को मात्रा प्रतिघनमिटर २०१ माइक्रोग्राम रहेको थियो । यो सुरक्षित सीमाभन्दा १३ गुणाभन्दा बढी हो । पछिल्ला केही दिनमा बेलाबेलामा परेको वर्षाका कारण प्रदूषणको स्तर केही घटेको हुन सक्ने अनुमान गरिएको छ ।

'द ल्यान्सेट प्लानेटरी हेल्थ' जर्नलमा सन् २०२४ मा प्रकाशित अध्ययनअनुसार सन् २००९ देखि २०१९ सम्म भारतमा वायु प्रदूषणका कारण ३८ लाख मानिसको मृत्यु भएको थियो ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

समाचार

जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५

२०८३ कात्तिक १६ गते सोमवार [2 Nov. 2026]

समाचार दैनिक जनकपुर

न्यायालयमाथि.....

थिए। न्यायको मन्दिर मानिने अदालतभित्रै भ्रष्टाचारका गुनासा सुनिनु र त्यस्ता गतिविधिमा संलग्नमाथि कारबाही नहुनुले न्यायालयप्रतिको जनविश्वासमा कस्तो असर पार्छ भन्ने उनीहरूको प्रश्न थियो ।

कोमल यादवले भने कानुनको अज्ञानता र सामाजिक अवस्थाबीचको सम्बन्धलाई जोड्दै गम्भीर प्रश्न उठाए। उनले न्यायाधीश उपाध्यायलाई सोधे, 'कानुनको अज्ञानता क्षम्य हुँदैन भनिन्छ। तर जुन व्यक्तिसँग कानुनी ज्ञान छैन, जनचेतनाको अभाव छ, समुदाय नै अशिक्षित छ र जो बेरोजगारी तथा अभावमा जीवन बिताइरहेको छ, त्यस्तो व्यक्तिबाट भुलवश कानुन उल्लङ्घन भएमा त्यसको जिम्मेवारी कसले लिने?'

विद्यार्थीहरूले पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको पर्याप्ततामाथि समेत प्रश्न उठाएका थिए। विशेषगरी एसिड प्रहारबाट पीडित आरती साहको प्रसङ्ग उठाउँदै उनीहरूले राज्यले उपलब्ध गराएको क्षतिपूर्तिले पीडितको दीर्घकालीन जीवनयापन धान्न नसक्ने अवस्थाबारे ध्यानाकर्षण गराए।

'एसिड प्रकरणकी पीडित आरती साहले क्षतिपूर्तिबापत पाँच लाख रुपैयाँ पाएकी छन्। तर उनी सामान्य अवस्थामा जस्तो काम गरेर जीविकोपार्जन गर्न सक्ने अवस्थामा छैनन्। यस्तो अवस्थामा पाँच लाख रुपैयाँले उनको जीवनयापन कसरी सम्भव हुन्छ? क्षतिपूर्ति पर्याप्त नहुँदा त्यसको जिम्मेवारी कसले लिने?' विद्यार्थीहरूले प्रश्न गरेका थिए।

विद्यार्थीहरूका प्रश्नको जवाफ दिँदै न्यायाधीश उपाध्यायले कानुन समाजकै हित र व्यवस्थापनका लागि निर्माण हुने भएकाले यसको पालना गर्नु सबैको दायित्व भएको बताए। कानुनभन्दा माथि कोही पनि नरहेको उल्लेख गर्दै उनले कानुनविपरीत कार्य गर्ने व्यक्ति, समुदाय, अधिवक्ता, कर्मचारी वा न्यायाधीश जोसुकै भए पनि कानुनअनुसार सजायको भागीदार हुने स्पष्ट पारे ।

कार्यक्रममा कानुनका विद्यार्थीहरूले नाट्यशैलीमार्फत न्यायिक प्रक्रिया, सामाजिक समस्या र कानुन कार्यान्वयनसँग सम्बन्धित विषयसमेत प्रस्तुत गरेका थिए। यसले कानुनी शिक्षा केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी व्यवहारमा देखिएका समस्या पहिचान गर्ने र न्यायिक निकायलाई जवाफदेही बनाउने बहससँग जोडिनुपर्ने सन्देश दिएको थियो ।

नेपालको कानुनमा मधेशी महिलाको भूमिका सम्बन्धी अञ्जली साहले डिजिटल प्रस्तुति दिएकी छन् ।

त्यस्तै अनौपचारी क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रदेश संयोजक राजु पासमान, नेपाल वार एशोसिएशनका अध्यक्ष विमल मिश्र, अधिवक्ता सुदीप कुमार राय, दीपक साह, दीपिका पासमान लगायत दर्जनौं वक्ताहरुले कानुनी शिक्षा बारेमा आफ्ना विचार राखेका छन्

महेन्द्रनगरमा.....

झाका अनुसार प्रत्येक पुलको उचाइ पाँच दशमलव छ मिटर, लम्बाइ २९ दशमलव चार मिटर र चौडाइ तीन मिटर छ । पुल सञ्चालनमा आएपछि पैदल यात्रुले व्यस्त सडकमा सवारीसाधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने अवस्था अन्त्य हुने उहाँले बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम घट्ने बताउनुभयो । पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौं पैदल यात्रुको आवागमन हुने गरेको उहाँले जानकारी दिनुभयो ।

स्थानीय शम्भुप्रसाद यादवले महिला विकास चोक र सखुवा चोक आसपास हाटबजार, शैक्षिक संस्था तथा बस्ती रहेकाले यसअघि सडक वारपार गर्न जोखिम हुने गरेको बताउनुभयो । क्षीरेश्वरनाथ बहुमुखी क्याम्पसका प्राचार्यसमेत रहनुभएका उहाँले पुल सञ्चालनमा आएपछि बालबालिका, विद्यार्थी र ज्येष्ठ नागरिकलाई आवतजावतमा सहज हुने विश्वास व्यक्त गर्नुभयो । रासस

सरकारलाई.....

काममा प्रश्न उठे त्यो चाहिँ प्रधानमन्त्री ? सरकारका खराब कामको जवाफ प्रधानमन्त्रीले दिनुपर्ने र सरकारका राम्रा कामको श्रेय सिंगो रास्वपाले लिने ? यसको जिम्मेवारी रास्वपाले लिने प्रश्न आउँछ कि आउँदैन ?' थापाले प्रश्न गरे।

उनले सत्तारूढ दलले सरकारका कामको स्वामित्व लिनुपर्ने र गलत कामको जिम्मेवारीबाट पन्छिन नमिल्ने सन्देश दिएका छन्।

४. काण्डहरूको अनुसन्धान निष्पक्ष होस्, छानबिन चयनात्मक नबनोस्

सरकारले विभिन्न काण्ड तथा प्रकरणहरूको अनुसन्धान गर्ने प्रतिबद्धता जनाए पनि त्यसको निष्पक्षतामाथि थापाले प्रश्न उठाएका छन्। सार्वजनिक भएका सबै प्रकरणको अनुसन्धान हुनुपर्ने र त्यसमा कांग्रेसको समर्थन रहने उनको भनाइ छ।

तर, सार्वजनिक प्रतिक्रिया हेरेर अनुसन्धान अघि बढाउने वा केही निश्चित घटनालाई मात्रै प्राथमिकता दिने प्रवृत्ति देखिए अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठ्ने उनले बताएका छन्।

'काण्ड र प्रकरणहरू सार्वजनिक भएका छन्, सबै केलाइयोस्। हाम्रो साथ(समर्थन रहन्छ। तर हाम्रो प्रश्न छ(अनुसन्धान निष्पक्ष हुन्छ ? सेलेक्टिभ भइरहेको छ। केही बाहिरिन्छ अनि पब्लिक प्रतिक्रिया के आउँछ भनेर हेरिन्छ। अनि कसरी निष्पक्ष हुन्छ ?' उनले भने।

संवेदनशील विषयको अनुसन्धान जरासम्म पुग्नुपर्ने र दोषी देखिएकालाई कानुनअनुसार सजाय दिनुपर्ने उनको भनाइ छ। तर अनुसन्धान प्रतिशोधपूर्ण वा छनोटका आधारमा निर्देशित हुन नहुने उनले स्पष्ट पारेका छन्।

५. प्रधानमन्त्री होइन, राज्यका संस्था बलिया बनून्

थापाले सरकारको ध्यान व्यक्तिकेन्द्रित शक्ति विस्तारभन्दा राज्यका संस्थाहरूको सुदृढीकरणमा हुनुपर्ने बताएका छन्। प्रहरी, निजामती प्रशासन, न्यायपालिका र संवैधानिक निकायप्रति विश्वास कायम राख्नु सरकारको जिम्मेवारी भएको उनको भनाइ छ।

उनले कर्मचारी र व्यवसायीमा अनिश्चितता तथा त्रासको अवस्था रहेको उल्लेख गर्दै नेतृत्वले अर्थतन्त्रलाई थप अस्थिर बनाउने नभइ विश्वास जगाउने काम गर्नुपर्ने बताएका छन्।

'हामीले बलियो सरकार बनेको भनेको प्रधानमन्त्री बलियो होइन, संस्थाहरू बलियो बनाउने हो,' थापाले भने।

न्यायपालिका र संवैधानिक निकायको स्वतन्त्रता अक्षुण्ण राख्नुपर्ने तथा सरकारको ध्यान विपद् व्यवस्थापन र आर्थिक अवस्थातर्फ केन्द्रित हुनुपर्ने उनको धारणा छ।

सरकारलाई पाँच वर्ष काम गर्ने जनादेश प्राप्त भएको स्वीकार गर्दै थापाले त्यसको अर्थ प्रतिपक्षलाई प्रश्न गर्नबाट रोक्न पाउने अधिकार नभएको पनि स्पष्ट पारेका छन्।

'रास्वपाले पाँच वर्ष चलाउने म्यान्डेट पाएको छ, हामी सम्मान गर्छौं। तर पाँच वर्षका लागि सरकारले प्रतिपक्ष डरबाट शासन गर्ने कुरा स्वीकार्य छैन,' उनले भने।

उनले सरकारलाई अधिकारको प्रयोगमा कानुनी सीमा पालना गर्न, गल्तीमा परिणाममुखी जवाफदेहिता देखाउन, सत्तारूढ दललाई जिम्मेवारी लिन र अनुसन्धानमा निष्पक्षता कायम राख्न आग्रह गरेका छन्।

त्यससँगै नागरिक समाज र नयाँ पुस्तासँग संवाद गर्ने प्रस्ताव पनि उनले अघि सारेका छन्। सरकारका गतिविधिमाथि प्रश्न उठाउने र जवाफ खोज्ने कामलाई प्रतिपक्षको जिम्मेवारीका रूपमा प्रस्तुत गर्दै थापाले सरकारको आगामी कार्यशैलीमाथि निगरानी गर्ने बताएका छन् ।

फेटा गोलीकाण्डको छानबिन सुरु



दैनिक समाचारदाता

काठमाडौं, १५ कात्तिक । बाराको फेटा गाउँपालिकामा अस्पताल उद्घाटनका क्रममा भएको झडप र प्रहरीले चलाएको गोलीबारे छानबिन गर्न गठित समितिले काम सुरु गरेको छ । मधेश प्रदेश प्रहरी कार्यालयले वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) प्रभुप्रसाद ढकालको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो । समितिले आइतबारदेखि अनुसन्धान थालेको संयोजक ढकालले जानकारी दिनुभयो । अस्पताल उद्घाटनको विषयमा दुई पक्षबीच विवाद बढेपछि झडप भएको र प्रहरी घटनास्थल पुगेपछि प्रहरीमाथि नै आक्रमण भएको उहाँले बताउनुभयो । उहाँका अनुसार प्रदर्शनकारीले १० वटा मोटरसाइकल जलाउनुका साथै अस्पतालको शिलालेख र कार्यक्रमस्थलको टेन्टमा तोडफोड गरेका थिए ।

घटनामा गोली लागेर स्थानीय युवा आदित्य पासवान गम्भीर घाइते हुनुभएको छ । पाँच प्रहरीसहित केही स्थानीय पनि घाइते हुनुभएको छ ।

घटनामा प्रहरीको बल प्रयोग र गोली चलाउनुपर्ने अवस्था तथा आदेशसम्बन्धी विषयमा समितिले अनुसन्धान गर्नेछ । घटनास्थलमा खटिएका इलाका प्रहरी कार्यालय प्रसौनीका केही प्रहरीलाई जिम्मेवारीबाट हटाइएको छ ।

समितिमा प्रहरी उपरीक्षक भुवनेश्वरप्रसाद साह र प्रहरी निरीक्षक प्रकाशशंकर यादव सदस्य रहनुभएको छ । समितिलाई तीन दिनभित्र छानबिन सम्पन्न गर्ने गरी जिम्मेवारी दिइएको संयोजक ढकालले जानकारी दिनुभयो ।

सुनको मूल्य एकैदिन ८ हजार ३०० रुपैयाँ घट्यो



दैनिक समाचारदाता

काठमाडौं १५ कात्तिक । आइतबार एकैदिन सुनको मूल्य तोलामा ८ हजार ३ सय रुपैयाँ घटेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले आजका लागि सुनको मूल्य प्रतितोला २ लाख ७२ हजार रुपैयाँ तोकेको छ । अघिल्लो दिन २ लाख ८० हजार ३ सय रुपैयाँमा सुनको कारोबार भएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा उच्च दरले सुनको मूल्य घटेसँगै नेपाली बजारमा प्रभाव देखिएको महासंघले जनाएको छ । गत वर्षको माघ १५ गते नेपाली बजारमा सुनको मूल्य तोलाको ३ लाख ३९ हजार रुपैयाँसम्म पुगेको रेकर्ड छ ।

त्यस्तै आज चाँदीको भाउ पनि तोलामा १७५ रुपैयाँ घटेको छ । अघिल्लो दिन प्रतितोला ३ हजार ८२५ रुपैयाँमा कारोबार भएको चाँदी आज ३ हजार ६५० रुपैयाँमा झरेको छ ।


पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४